श्री

# ओखलढुङ्गा जिल्ला अदालत

## ओखलढुङ्गा

मिति २०७८/०४/०१

### सुचना ! सुचना !! सुचना !!!

विश्वव्यापी रुपमा फैलिरहेको नोवल कोरोना भाईरस (कोभिड-१९) को दोश्रो भेरिएन्टका कारण यस अदालतबाट स्थानीय तह एवं जिल्ला प्रशासन कार्यालयको निषेधाज्ञा समेतको आधारमा मिति २०७८।१।२२ देखि विभिन्न सूचना मार्फत मिति २०७८।०३।३१ सम्म यस अदालतबाट सेवा संकुचन गरिएकोमा जिल्ला प्रशासन वखल्ढुंगाको मिति २०७८।०३।२८ को आदेश वमोजिम मिति २०७८।०४।०४ सम्म सार्वजनिक सवारी साधन आवतजावतमा रोक लगाउने गरी निषेधाज्ञाको आदेश जारी भएको छ। सर्वोच्च अदालतको मिति २०७८।०१।१४ को पूर्ण वैठकको निर्णय समेतको आधारमा आज मिति २०७८।०४।०१ को वैठकबाट मिति २०७८।०४।०४ सम्म देहाय वमोजिमका सेवाहरु मात्र संचालन गर्नेगरी निर्णय गरिएको हुँदा सम्वन्धित सवै सरोकारवाला एवं सेवाग्राहीहरुलाई जानकारीको लागी यो सूचना जारी गरिएको छ।

१. म्याद थप, पक्राउ पुर्जी, कल डिटेल अनुमती र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य गर्ने।

२. अभियोग दर्ता, अभियोग पत्रसाथ पेश भएका अभियुक्तको बयान लिने, थुनछेक गर्ने।

३. बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञा सम्बन्धि निवेदन।

४. फरार प्रतिवादीहरु प्रहरी द्वारा पक्राउ गरी ल्याइएमा बयान तथा थुनछेक सम्बन्धि कार्य गर्ने।

५. फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदनसंग सम्बन्धित कार्य गर्ने।

६. मुद्दा फिर्ता, मिलापत्र तथा फैसलाको नक्कल प्रमाणित गर्ने ।

(नोटः- उल्लेखित सेवा वाहेक अन्य सेवाहरु स्थगन गर्ने । काम कार्वाही तथा सेवाप्रवाह स्थगन भएका अवधिलाई शुन्य समय मानी सो अवधिमा मुद्दा रिट तथा निवेदनहरुमा रहेका हदम्याद र तारेख समेत नगुज्रने एवं अन्य व्यवस्थापकिय पक्षहरु अदालत प्रशासनले मिलाउने ।)